आज मिति २०८२ साल चैत्र ३ गते दिनको २:०० बजे यस लमही नगरपालिकाको नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाको पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती:

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | नगर उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री नेपालु चौधरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री मनोज कुमार चौधरी | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ओम प्रसाद सुबेदी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री श्याम नारायण चौधरी | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री मोहन गिरी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री उमेश कुमार खड्का | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष बहादुर के.सी. | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री गेहेन्द्र बहादुर डाँगी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | |

## मिति २०८२।१२।०३ गते बसेको लमही नगर कार्यपालिकाको १७३ औं बैठकको निर्णयहरू:

निर्णय नं.१. साविक फुलबारी गा.वि.स. मा पर्ने र हाल लमही नगरपालिका वडा नं. ९ भित्र पर्ने जग्गाको रजिष्ट्रेसन वापतको शुल्क जम्मा हुने राजश्व रकम यस नगरपालिका स्थापना भए देखी हाल सम्म पनि मालपोत कार्यालयमा, तुलसीपुर दाङमा जम्मा हुने गरेकोमा सो सम्बन्धमा मालपोत कार्यालयमा, तुलसीपुर दाङ सँग समन्वय भईरहेको बारेमा जानकारी भयो ।

निर्णय नं. २. घर नक्सा पास म्याद थप गर्ने सम्बन्धमा लमही नगरपालिका वडा नं. ५ निवासी श्री हिमा जी.एम. ले मिति २०७७/०३/२२ गते दिएको निवेदन अनुसार साविक चैलाही २ कि.नं. ६८ क्षेत्रफल १७७.७९ वर्गमिटरमा मिति २०७७/०४/२२ गते लिएको प्लिन्थ लेबलको ईजाजत नक्सा पास तथा मिति २०७७/०८/२४ गते सुपरस्टक्चरको इजाजत लिएकोमा मिति २०७८/०३/३० गते निर्माण सम्पन्न प्रमाणपत्र लिएको र पुनः मिति २०८१/११/०५ गते दर्ता भएको निवेदन अनुसार मिति २०८१/११/२७ गतेसम्म सुपरस्टक्चरको इजाजत पत्र लिएकोमा हालसम्म निर्माण सम्पन्न नगरेको र म्याद ५ वर्षभन्दा बढी भइसकेको हुँदा म्याद थप गर्ने तथा फिल्ड अनुगमन गर्दा पास भएको नक्सा भन्दा एक तला मात्र बढी निर्माण भएको पाइएकाले Second, Third तथा Fourth Floor को कुल राजश्वको १०० प्रतिशत रकम रु. ९६,४०७/- (अक्षरूपी छ्यानब्बे हजार चार सय सात रुपैयाँ मात्र) जरिवाना स्वरुप बुझाई संशोधित नक्सा स्वीकृत गरी निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं.३. पशुपालन व्यवसाय प्रवर्द्धन तथा उन्नत नश्ल सुधार गर्ने उद्देश्यले लमही नगरपालिका वडा नं. १ देखि ९ सम्मका कृषकहरूलाई निशुल्क कृत्रिम गर्भाधान (Artificial Insemination - AI) सेवा उपलब्ध गराउने देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) कृत्रिम गर्भाधान (AI) कार्यकर्तालाई प्रति गाई/भैंसी रु. ७००/- (अक्षरेपी सात सय रुपैयाँ मात्र) का दरले प्रोत्साहन रकम उपलब्ध गराउने ।

ख) मिति २०८२ साल साउन १ गतेदेखि कृत्रिम गर्भाधान गरिएका गाई/भैंसी सुत्केरी भएमा सम्बन्धित कृषकलाई सुत्केरी स्याहार खर्च वापत प्रति गाई/भैंसी रु. २,०००/- (अक्षरेपी दुई हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

ग) पशु सुत्केरी स्याहार खर्च भुक्तानी गर्दा कृत्रिम गर्भाधान (AI) प्राविधिकबाट जारी सेवा कार्ड, सम्बन्धित वडा कार्यालयको सिफारिस तथा पशु सेवा शाखाबाट गरिएको प्रमाणीकरणको आधारमा मात्र भुक्तानी गर्ने ।

मिति २०८२।१२।०३ गते बसेको लमही नगर कार्यपालिकाको १७३ औं बैठकको निर्णयहरू:

निर्णय नं. ४.यस नगरपालिकाले श्री द अरुण भ्याली इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. रोल्पा सँग मिति २०८२।१०।०८ मा सम्पन्न गरेको सम्झौता बमोजिम तपसिलका घाटहरूबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलन कार्य सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गरी मिति २०८२।११।२८ मा मस्यौदा प्रतिवेदन पेश भएको र उक्त प्रतिवेदनलाई प्राविधिक पक्षहरूको अध्ययन, विश्लेषण तथा पुनरावलोकन समितिबाट आवश्यक परीक्षण तथा समीक्षा पश्चात् स्वीकृतिका लागि सिफारिस भइसकेको, साथै जिल्ला समन्वय समिति दाङको अनुगमन प्रतिवेदन समेत प्राप्त भइसकेको हुँदा प्रचलित कानुन तथा मापदण्ड बमोजिम उक्त आई ई ई प्रतिवेदन यस कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो। प्रतिवेदनमा उल्लेख भए बमोजिम नदीजन्य पदार्थ उत्खनन् कार्यमा ब्याक हो लोडर (Backhoe Loader) लगायतका यान्त्रिक औजार प्रयोग गर्न सकिने व्यवस्था कायम राखी, सम्बन्धित निकाय राष्ट्रपति तराई मधेश चुरे संरक्षण विकास समिति बाट सहमति लिने प्रक्रिया अगाडि बढाउँदै ठेक्का आह्वान (Tender) प्रक्रिया समानान्तर रूपमा अगाडि बढाउने र ठेक्का खोल्ने (Tender Open) अवधिसम्म उक्त निकायबाट आवश्यक सहमति प्राप्त भइसक्ने अपेक्षा सहित प्रचलित व्यवस्था बमोजिम कार्य अगाडि बढाउने निर्णय गरियो। उक्त IEE प्रतिवेदन तयार गरे बापत सम्झौता बमोजिम श्री द अरुण भ्याली इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. लाई रु. १३,१४,१६०/- (अक्षरुपी रुपैयाँ तेह्र लाख चौध हजार एक सय साठी मात्र) भ्याट बाहेक भुक्तानी दिने निर्णय गरियो।

तपसिल (घाटहरू):

| | | |
|---|---|---|
| १. बुटकहवाघाट | २. सेमरहवाघाट | ३. कोलही–ढिकपुर सिमानाघाट |
| ४. हस्नापुरघाट | ५. बनघुस्रीघाट | ६. अर्जुनखोला बनगैंघाट |
| ७. कस्यापुरघाट | ८. गिधिनियाघाट | ९. धनपुरुवाघाट |
| १०. माथिल्लो असानीघाट | ११. खोलीगाउँ बाघखोलीघाट | १२. गौतालघाट |
| १३. डुम्रेघाट | १४. रिहार डेराघाट | १५. पैतेघाट |
| १६. खयरभट्टीघाट | | |

प्रमुख प्रशासकीय अधिकृत

०८२।१२।३

नगर प्रमुख